श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७८।०७९ सालको निर्णय नं. १

पुनरावेदन नं. ०७७-RB-०२११

मुद्दाः– अग्रिम कर कट्टी (२०७१/०७२) ।

काठमाण्डौ जिल्ला का.म.पा. वडा न. ११ बबरमहल स्थित नेपाल आयल निगम लि.केन्द्रिय कार्यालय (स्थायी लेखा न. ३०००४७०६०)..............................१	पुनरावेदक प्रतिवादी

विरुद्ध

ठुला करदाता कार्यालय, ललितपुर..१ आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाण्डौ..१	प्रत्यर्थी वादी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठुला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः– २०७६।०५।१९

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः २०७७।०२।२९

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।२९ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. नेपाल आयल निगम लि.को कर परीक्षणको सिलसिलामा आ.व. २०७१।०७२ को कारोवारको अग्रिम कर कट्टी पुर्ण कर परीक्षण गर्ने क्रममा करदाताले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा नपाइएकोले सोही ऐनको दफा ८८(१) बमोजिम अग्रिम करकट्टी माग गर्नु पर्ने भएकोले आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम प्रारम्भिक कर निर्धारणको आदेश मिति २०७६।०४।०५ मा जारी भएको।

२. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम अग्रिम कर तिर्नु नपर्ने कारण भए १५ दिन भित्र ठोस प्रमाण पेश गर्न जारी भएको सूचना करदाताले मिति २०७६।०३।०१ मा बुझीलिइ आ.व. २०७१।०७२ को आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम स्थापित स्वीकृत अबकाश कोष नागरिक लगानी कोषले भुक्तानी गर्दा दफा ८८ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अधिकार भएकोमा निजले गरेको भुक्तानी निगमले तिर्नुपर्ने गरी गरेको एवं मिति २०७५।०४।०१ मा आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा थपिएको योगदानमा आधारित भन्ने शब्द र त्यसले पार्ने प्रभाव आ.ब. २०७१।०७२ को हकमा लागु हुने होइन। आ.ब. २०७१।०७२ को कर निर्धारण गर्दा वि.स. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यवस्था लागु गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा उक्त निर्णय खारेज गरी पाउँ भन्ने करदाता नेपाल आयल निगम लि.को तर्फबाट ठुला करदाता कार्यालय, ललितपुरमा मिति २०७६।०३।०१ गते लिखित जवाफ पेश भएको।

३. करदाताले आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशत अग्रिम कर कट्टी गरि दाखिला गर्नु पर्नेमा सो बमोजिम गरेको नदेखिएकोले १५ प्रतिशतले हुने अग्रिम कर रकम रु.९२,५२,४९९।- दाखिला गर्नुपर्नेमा रु.१५,८०,२७५।- मात्र दखिला गरेकोले रु.७६,७२,२२४।-, सो रकममा सोही ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क रु.३८,३६,११२।- दफा ११९ बमोजिम लाग्ने ब्याज रु.४७,९५,१४०।- समेत जम्मा रु.१,६३,०३,४७६।- माग गर्ने भन्ने समेत ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।५।।१९ मा भएको निर्णय।

४. ठुला करदाता कार्यालय, ललितपुरले मिति २०७६।५।१९ मा गरेको आ.व. २०७१/०७२ को अग्रिम कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी नेपाल आयल निगम लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०७।२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. करदाताको कोष योगदानमा आधारित नभएकोले ऐनको दफा ८८(१) वमोजिम भुक्तानीका वखत १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिला नगरेको भनी आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम अग्रिम कर माग गरेको शुरू ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिँदा निवेदकको निवेदन जिकीर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।२९ मा भएको निर्णय।

६. मिति २०७५।०४।०१ मा भएको संशोधन अनुसार आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा थपिएको योगदानमा आधारित भन्ने शब्द र त्यसले पार्ने प्रभाव आ.ब. २०७१।०७२ को हकमा लागु हुने होइन। आ.ब. २०७१।०७२ को कर निर्धारण गर्दा वि.स. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यबस्था लागु गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा विपक्षी कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता नेपाल आयल निगम लि. का तर्फबाट मिति २०७७।०६।२७ मा यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०४।२२ को यस न्यायधिकरणबाट भएको आदेश।

ठहर खण्ड

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता नेपाल आयल निगम लि. का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री नारायण नेपाल र श्री मन्जु बुढाथोकीले मिति २०७५।०४।०१ मा आर्थिक ऐन, २०७५ बाट संशोधन भएको आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा उल्लेख भएको योगदानमा आधारित भन्ने व्यबस्था गरेको देखिन्छ। आ.ब. २०७१।०७२ को कर निर्धारण गर्दा वि.स. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यबस्था लागु गरी अग्रिम कर निर्धारण गरेको कानुनसम्मत मिलेको नदेखिँदा शुरु कार्यालयले अग्रिम कर माग गर्ने गरी गरेको अग्रिम कर

निर्धारण, शुल्क र ब्याज समेतको आदेश त्रुटिपुर्ण हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो ।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले आयकर ऐन, २०५८ को दफा ८८ मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी सम्बन्धी व्यबस्था गरिएकोछ। जसमा कुनै प्रतिफल वा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यबस्था भए बमोजिम दफा ८८(१) बमोजिमको अग्रिम कर, १२०(क) बमोजिमको शुल्क र दफा ११९ बमोजिमको ब्याज समेत माग गरेको शुरु कार्यालयको निर्णय कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस गर्नु भयो।

१०. उल्लिखित बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने भई मुल विवाद निरोपणको लागि देहायका प्रश्नमा विवेचना गर्नुपर्ने देखिन आयोः-

(क) पुनरावेदक करदाताबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना भएको छ वा छैन?

(ख) करदातालाई आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम लगाएको अग्रिम कर न्यायोचित छ वा छैन ?

११. सर्वप्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नु पर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा पुनरावेदक करदाताले आफ्नो पुनरावेदन पत्रको प्रकरण नं.१२ मा आयकर ऐन, २०५८ को दफा २(ढ) तथा दफा २(त) बमोजिम कर

रु.१,६३,०३,४७६।- निर्धारण भएकोमा सो को आधा रकम रु.८१,५१,७३८।- राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम दाखिला गर्नुपर्नेमा यस अघि प्रशासकीय पुनरावलोकनको निबेदन दिँदा रु.४१,००,०००।- दाखिला गरेको हुँदा सो रकम कटाई बाँकी रकम रु.४०,५१,७३८।- दाखिला गर्नुपर्नेमा सोभन्दा बढी नै दाखिला गरी पुनरावेदन दर्ता गर्न आएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। प्रस्तुत मुद्दामा कर निर्धारण रकम रु.१,६३,०३,४७६।— रहेको तथ्य मिति २०७६।०६।०१ मा करदातालाई दिएको च.नं.७१ को पत्रबाट देखिएको र करदाताले धरौटी वापत मिति २०७६।०७।२८ मा भौचर नं.०८४३३९२४ बाट रू.४१,००,०००।— र मिति २०७७।०६।२६ मा भौचर नं.१५७०८५९७ बाट रू.४०,५२,०००।— भई जम्मा रू.८१,५०,०००।— दाखिल भइसकेको र सो रकम विवादित कर रकमको पचास प्रतिशत रकम भन्दा बढी भएको मिसिलबाट देखियो। रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भनी लेखा सदस्यबाट प्रकट भएको फरक राय न्यायोचित हुने देखिएन।

१२. अव निरोपण गर्नुपर्ने दोस्रो प्रश्नका सम्बन्धमा दृष्टिगत गर्दा, करदाता नेपाल आयल निगमको हकमा आ.व.२०७१/०७२ का लागि ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको क्रममा निगमका कर्मचारीलाई उपदान, संचित विदा तथा औषधी उपचारको रकम नागरिक लगानी कोषबाट भुक्तानी गर्दा ५% मात्र अग्रिम कर कट्टी गरी राजस्व दाखिला हुँदा १५% का दरले हुने अग्रिम कर कट्टी रकम, शुल्क र ब्याज समेत माग गर्ने गरी भएको आदेश कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भन्ने रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको निर्णयको क्रममा आयल निगमले आवकास कोषमा पठाएको रकम खर्च कट्टी गरेको तर भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई पाँच प्रतिशतले कर कट्टी गरेको देखिएको तर उक्त अवकास कोष योगदानमा आधारित नभएकोले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५% ले अग्रिम कर कट्टी गरी दाखिला नगरेको कारण आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% का दरले अग्रिम कर, ऐ.ऐनको दफा १२०(क) बमोजिम शुल्क तथा दफा ११९ बमोजिम ब्याज माग गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

१३. करदाता नेपाल आयल निगमले आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) मा मिति २०७५।०४।०१ मा थपिएको योगदानमा आधारीत भन्ने शब्द र त्यसले पार्ने प्रभाव आ.व.२०७१/७२ को हकमा लागु हुने होईन, भविश्यमा बनेको कानुन अनुसार पहिल्यै भए गरेको कुरामा कर लगाउन कानुनी सिद्धान्त र प्राकृतिक न्यायको

सिद्धान्त बमोजिम नमिल्ने हुँदा आ.व.२०७१/७२ को कर निर्धारण गर्दा वि.सं. २०७५ श्रावण १ देखि लागु भएको आर्थिक ऐनको व्यवस्था प्रयोग हुनु कानुन विपरीत रहेको हुँदा ठूला करदाता कार्यालयको अग्रिम कर निर्धारणको आदेश उल्लिखित प्रचलित कानुन बमोजिम गलत, त्रुटीपूर्ण तथा न्यायसंगत नभएको भन्ने जिकिर लिएका देखिन्छ। ठूला करदाता कार्यालयले गरेको अन्तिम कर निर्धारण आदेशको क्रममा करदाताबाट अग्रीम कर कट्टी गर्नु नपर्ने रकमका सन्दर्भमा श्रेष्ता, प्रमाणहरु, प्रारम्भिक कर निर्धारणमा उल्लेखित व्यहोरा कानुनसम्मत नभएको कारण करदाताको हकमा आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम कर कट्टी माग गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २(ङ) अनुसार प्राकृतिक व्यक्तिले अवकास लिएको अवस्थामा दिईने भुक्तानि वा प्राकृतिक व्याक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिईने भुक्तानिलाई अवकास भुक्तानी मानिएको छ ।

१४. आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) ले स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आयमा गणना गर्ने विधि उल्लेख गरेको पाईन्छ। ऐ.दफाको उपदफा (२) ले स्वीकृत नलिएको अवकाश कोषमा रहेको हितबाट भएको भुक्तानीका सम्बन्धमा उल्लेख गरेको देखिन्छ। तर करदाताको हकमा स्वीकृत अवकाश कोषबाट भुक्तानी भएको देखिँदा उपदफा (१) नै आकर्षित हुने देखियो। आयकर ऐन, २०५८ को दफा ८८(१) मा “वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी गर्दा रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ।” भन्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ। तर सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांशमा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ। यसरी आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था अनुसार नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले मात्र कर कट्टी गर्नुपर्ने देखिन्छ।

१५. करदाताले आ.व.२०७१/०७२ मा अवकाश प्राप्त कर्मचारीलाई उपदान, सन्चित वीमा तथा औषधि उपचारको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५०% वा पाँच लाख मध्ये जुन वँढी हुन्छ सो रकम घटाइ हुने भुक्तानी मा पाँच प्रतिशतले कर कट्टी गरेको

तथ्यमा विवाद देखिंदैन। प्रत्यर्थी ठूला करदाता कार्यालयले करदाताको अवकाश भुक्तानी रकम योगदानमा आधारित नदेखिएकोले योगदानमा आधारित नरहेको हुँदा त्यस्तो भुक्तानीको हकमा आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम १५% ले रू.९२,५२,४९९।— अग्रिम कट्टी गरी दाखिल गर्नुपर्नेमा रू.१५,८०,२७५।— मात्र कट्टी गरी रू.७६,७२,२२४।— कम दाखिला गरेको भन्ने ठहर निष्कर्षमा पुगेको देखियो।

१६. करदाताले अग्रिम कर कट्टी गरी दाखिल गरेको वखत अर्थात आ.व.२०७१/०७२ मा आयकर ऐन, २०५८ को दफा ८८(१) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) मा नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। उक्त दफा ८८(१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश (१) मा "योगदानमा आधारित" भन्ने वाक्यांश आर्थिक ऐन, २०७५ ले मिति २०७५।०४।०१ देखि लागू हुने गरी संशोधन गरी थप गरेको देखियो। करदाताको अवकाश कोष स्वीकृत रहेको कुरामा विवाद नउठाएको र योगदानमा आधारित हुनु पर्ने कुरा मिति २०७५।०४।०१ देखि लागू भएको संशोधनले मात्र थप गरेको हुँदा आ.व.२०७१/०७२ मा नै अग्रिम कर कट्टी गरी दाखिल गरेको विषयमा पछि संशोधन भएको कानुनी व्यवस्थाले थप गरिएको योगदानमा आधारित नरहेको भन्ने आधार ग्रहण गरि कानुनको पश्चातदर्शी प्रभाव (Reprospective effect) पर्ने गरी कानुनको व्याख्या र प्रयोग गरी ठूला करदाता कार्यालयले मिति २०७६।०५।१९ मा करदाताबाट १५% का दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय विधिशास्त्रीय सिद्धान्त प्रतिकूल हुनाको साथै न्यायोचित समेत देखिएन। त्यस्तो निर्णय उपर प्रशासकीय पुनरावलोकनको निवेदन ग्रहण गरी हेर्दा आन्तरिक राजस्व विभागका महानिर्देशकले समेत करदाताले उठाएको प्रश्नको आधार र कारण सहित समुचित रुपमा संशोधन नगरी करदाताको कोष योगदानमा आधारित नभएको भन्ने पछिको संशोधित कानुनी व्यवस्थाले थप गरेको ग्रहण नै गर्न नमिल्ने कानुनी आधार ग्रहण गरी शुरु निर्णय नै सदर गर्ने गरी मिति २०७७।०२।२९ मा भएको निर्णय समेत कानून सम्मत नदेखिँदा दुवै निर्णय उल्टी भई बदर हुने देखिन आयो।

१७. तसर्थ माथि विवेचित आधार एवं कारणबाट करदाता नेपाल आयल निगम लिमिटेडको आर्थिक बर्ष २०७१।०७२ मा अबकाश भएका कर्मचारीहरुलाई नागरिक लगानी कोषबाट अबकाश भुक्तानी दिँदा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने भनी आर्थिक ऐन, २०७५ द्वारा संशोधित कानुनी व्यवस्थाको आधारमा अग्रिम कर माग गर्ने गरी मिति २०७६।०५।१९ मा ठुला करदाता कार्यालय ललितपुरबाट भएको निर्णय र

सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।२९ मा भएको निर्णय समेत मिलेको नदेखिँदा उल्टी भई बदर हुने ठहर्छ। अरुमा तपशिल बमोजिम गर्नू ।

तपसिल खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम करदाता नेपाल आयल निगम लिमिटेडको आर्थिक बर्ष २०७१।०७२ मा अबकाश भएका कर्मचारीहरुलाई नागरिक लगानी कोषबाट अबकाश भुक्तानी दिँदा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने भनी अग्रिम कर माग गर्ने गरी भएको निर्णयहरू बदर हुने ठहरी फैसला भएकोले पुनरावेदक करदातालाई प्रस्तुत मुद्दामा भएको निर्णय वमोजिमको थप कर दायित्व सृजना नहुने भएकोले धरौटी वापत दाखिल गरेको रकम फिर्ता दिनु वा आगामी आ.व.मा बुझाउनुपर्ने कर रकममा मिलान गरिदिनु भनी ठूला करदाता कार्यालयमा लेखि पठाइदिनु।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

उक्त रायमा मेरो सहमति छ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१८. यसमा ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री धनिराम शर्माबाट भएको मिति २०७६।०५।१९ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति

२०७६।०७।२८ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विनोद बहादुर कुँवरबाट मिति २०७७।०२।२९ मा भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.१,६३,०३,४७६।- को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.८१,५१,७३८। पुनरावेदन धरौटी दाखिला भए/नभएको तथा पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७७।०६।२७ मा पुनरावेदन दर्ता भएको पाइयो ।

१९. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो । करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारणमा गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ । न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने

काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्डमै उल्लेख गर्नु पर्ने देखियो ।

२०. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा "अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न" उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व

फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम आयकर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

२१. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री मन्जु बुढाथोकीबाट निर्धारित करको तोकिए अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्न मिति २०७६।०७।२८ मा भौचर नं.०८४३३९२४ बाट रू.४१,००,०००।- र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न मिति २०७७।०६।२६ मा भौचर नं.१५७०८५९७ बाट थप रू.४०,५२,०००।- दाखिला गरी जम्मा रू.८१,५०,०००।- दाखिल गरेको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने जिकिर सहितको बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

२२. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो ।

२३. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिएबमोजिम प्रशासकीय पुनरावलोकनको लागि मिति २०७६।०७।२८ मा निवेदन दिँदा निर्धारित (विवादित) कर रु.१,६३,०३,४७६।- को क्रमशः राजस्व एकचौथाई र

धरौटी ५० प्रतिशत समेतले हुने रु.१,२२,२७,६०७।- दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७६।०७।२८ पश्चात पनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.८१,५१,७३८।- दाखिला गर्नु पर्नेमा भौचर नं. १५७०८५९७ मिति २०७७।०६।२७ राजस्व शिर्षक नं.११११२ (पारिश्रमिक कर) बाट सर्वसञ्चित कोषमा दाखिला भएको, पुनरावेदकले धरौटी भनेको राजस्व रु.४०,५२,०००।– गणना गर्दा पनि रु.४०,९९,७३८।- धरौटी अपुग देखिएको छ।

२४. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

२५. आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी

आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

२६. राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३¸ २०६३-WS-००१४¸ २०६३-WS-००१५¸ २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन¸ २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो

हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

२७. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।– भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

२८. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने

व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

२९. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.४०,९९,७३८।- धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

३०. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (विवादित) कर रु.१,६३,०३,४७६।- को क्रमशः राजस्व एकचौथाई र धरौटी ५० प्रतिशत समेतले हुने रु.१,२२,२७,६०७।- दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७६।०७।२८ पश्चात पनि राजस्व

न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.८१,५१,७३८।- दाखिला गर्नु पर्नेमा भौचर नं. १५७०८५९७ मिति २०७७।०६।२७ राजस्व शिर्षक नं.११११२ (पारिश्रमिक कर) बाट सर्वसञ्चित कोषमा दाखिला भएको, पुनरावेदकले धरौटी भनेको राजस्व रु.४०,५२,०००।– गणना गर्दा पनि रु.४०,९९,७३८।- अपुग पुनरावेदन धरौटी दाखिलाको सक्कल बैंक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा समेत मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानून सदस्य र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा उक्त दफा ९ को उपदफा (१) बमोजिम हुने रु.८१,५१,७३८।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी भएको फैसला तथा ठहरमा सहमत हुन सकिएन।

३१. उल्लिखित कानूनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानून तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानूनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा भएको व्यवस्था विपरित

हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन । अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्बोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट *"करदाता नेपाल आयल निगम लिमिटेडको आर्थिक बर्ष २०७१।०७२ मा अबकाश भएका कर्मचारीहरुलाई नागरिक लगानी कोषबाट अबकाश भुक्तानी दिँदा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने भनी आर्थिक ऐन, २०७५ द्धारा संशोधित कानुनी व्यवस्थाको आधारमा अग्रिम कर माग गर्ने गरी मिति २०७६।०५।१९ मा ठुला करदाता कार्यालय ललितपुरबाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।२९ मा भएको निर्णय समेत मिलेको नदेखिँदा उल्टी भई बदर हुने ठहर्छ।"* भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

३२. यसमा आयकर ऐन, २०५८ बमोजिमको अग्रिम कर निर्धारणको सूचना पत्रमा उल्लेख गरिए अनुसार निर्धारित (विवादित) अग्रिम कर रू.१,६३,०३,४७६।— को पचास प्रतिशतले हुने ऐ.ऐनको दफा ११६ को उपदफा (५) र (६) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) वमोजिमको रु.८१,५१,७३८।— धरौटी नराखी पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत पुनरावदेन राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा १ वमोजिम खारेज हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः प्रमोद रिजाल

कम्प्यूटर टाइपिङ्गः चन्द्रबहादुर नेपाली

ईति सम्वत् २०७९ साल साउन १५ गते रोज १ शुभम् ------------------

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्ने अध्यक्षः-

प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप